बैठक संख्या: १२३ (एक सय तेइस)

समय: बिहान २:०० बजे

आज मिति २०८२ चैत १२ गते बिहीबार दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

# १२३ औं कार्यपालिका बैठक (मिति २०८२ चैत १२ गते) को प्रस्तावनाहरुः

**प्रस्तावहरूः**

१. विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२. १८ औं नगरसभाको कार्यसूची सम्बन्धमा ।

३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन नतिजा सम्बन्धमा ।

४. कार्यविधि स्वीकृत सम्बन्धमा ।

क)लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि,२०८२

ख)बेरुजु फछ्यौट सम्बन्धी कार्यविधि,२०८२

५. विदुर नगरपालिका वडा नं.१२ को खेल मैदान निर्माण जग्गा सम्बन्धमा ।।

६. विदुर नगरपालिका वडा नं.१२ को खेलकुद मैदान निर्माण जग्गा सम्बन्धमा ।

७. विविध

क) हर्मेटिक स्टोरेजको परिमार्जित DPR स्वीकृति र कार्यान्वयन सम्बन्धमा

ख) वडा नं.१ को आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन सम्बन्धमा।

ग) लगत कट्टा सम्बन्धमा।

निर्णयहरुः

१.नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका,केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग,सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२.नगर सभाका प्रस्तावित कार्य सूचीहरु निम्नानुसार छन्।

क)आयोजना तथा कार्यक्रम संशोधन;

ख)विनियोजित बजेट रकमान्तर;

ग)सहकारी ऐन,२०७४ संशोधन;

घ)आर्थिक ऐन,२०८२ संशोधन;

ङ)लेखा समिति गठन;

च)विषयगत समिति र नगर कार्यपालिका बैठकको निर्णयहरु र नगर प्रमुख स्तरीय निर्णयहरुको अनुमोदन;

छ)अवकाश कोष स्थापना;

ज)विविध;

३.स्थानीय शासन कार्यसंपादन मूल्यांकनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०८२ चैत्र १५ गतेभित्र LGPAS Log In गरी सम्बन्धित कार्यविधिले तोकेका ५ वटा क्षेत्र सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन समेतका १०० सूचक, २०० उपसूचक र ३१३ दस्तावेज अपलोड गर्दा क्षेत्रगत रुपमा निम्नानुसारको नतिजा प्राप्त भएकोले विषयगत समितिबाट उक्त नतिजामा आगामी वर्षमा सुधार गर्दै लैजाने चालु आर्थिक वर्षको हकमा कार्यविधि नयाँ भएकोले तोकिएको समयमा निर्धारित दस्तावेज प्रविष्टि गर्न नसकिएको विषय स्वीकार गर्दै क्षेत्रगत रुपमा तपसिल अनुसारको अंकसहित पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय नुवाकोटमा विधुतिय प्रणालीबाट प्रेषित गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | विषय क्षेत्र | पेश गर्नुपर्ने दस्तावेज | पूर्णाङ्क | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सुशासन तथा संस्थागत विकास | १५८ | ४० | ३१.३ | ७८% |
| २. | सामाजिक विकास | ५२ | २० | १२.६ | ६३% |
| ३. | आर्थिक विकास | ५० | २० | १३.७ | ६९% |
| ४. | पूर्वाधार | २४ | १० | ७.५ | ७९% |
| ५. | वन वातावरण तथा विपद् व्यवस्थापन | २९ | १० | ८.० | ८०% |
| जम्मा | | ३१३ | १०० | ७३.५ | ७३.५% |

४.आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्दै बेरुजु फछ्र्यौट प्रभावकारी तुल्याउन आवश्यक तपसिल बमोजिमका कार्यविधिहरु विधायन समितिमा दफावार छलफल भई पेश हुन आएकोले उक्त कार्यविधि आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

क)लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि,२०८२

ख)बेरुजु फछ्यौट सम्बन्धी कार्यविधि,२०८२

५. विदुर नगरपालिकको साबिक चारघरे गा.वि.स. वडा नं. ५ हाल विदुर नगरपालिका वडा नं. १२ स्थित चालु आ.व.०८२/०८३ मा वागमती प्रदेश सरकारबाट चारघरे खेलकुद मैदान निर्माणको लागि रु.९ लाख विनियोजन भएको हुँदा कि.नं. १११, क्षेत्रफल ६-४-०-३ रहेको सार्वजनिक जग्गामा चारघरे खेलकुद मैदान निर्माण गर्नको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. विदुर नगरपालिकको साबिक चारघरे गा.वि.स. वडा नं. ९ हाल विदुर नगरपालिका वडा नं. १२ स्थित चालु आ.व. ०८२/०८३ मा वागमती प्रदेश सरकारबाट खानीगाँउ खेलकुद मैदान निर्माणको लागि रु.९ लाख विनियोजन भएको हुँदा कि.नं. ९३, क्षेत्रफल७-३-२-३ रहेको सार्वजनिक जग्गामा खानीगाँउ खेलकुद मैदान निर्माण गर्नको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

७.विविध

क) वागमती प्रदेश सरकारबाट यस नगरपालिकामा हर्मेटिक स्टोरेज निर्माणको लागि चालु आर्थिक वर्षमा १ करोड रुपैयाँ विनियोजन भएको र सो रकमबाट स्वीकृत विस्तृत परियोजना प्रतिवेदन बमोजिम वडा नं. ६ मा रहेको श्री सुनादेवी सामुदायिक वनको क्षेत्रमा उक्त स्टोरेज निर्माण गर्ने निर्णय भई विद्युतीय बोलपत्र आब्हान गरिएकोमा डिभिजन वन कार्यालय नुवाकोटले प्रचलित वन सम्बन्धी कानून अनुसार नेपाल सरकारको स्वीकृत नलिई उक्त वन क्षेत्रमा निर्माण कार्य नगर्न र गरेमा कानून बमोजिम कारवाही हुने बेहोराको च.नं.१४४१ २०८२/११/२६ गते पत्र लेखेकोले वैकल्पिक स्थान खोजी गर्दा वडा नं. ६ को कार्यालय रहेको क्षेत्रमा वडा कार्यालय भवन र स्वास्थ्य चौकीको अगाडिसम्मको भागमा सो स्थानमा

रहेको खेल मैदानलाई कुनै प्रतिकूल असर नगर्ने गरी हर्मेटिक स्टोरेज निर्माण गर्न समझदारी भएको हुँदा साविकको स्थान परिवर्तन भएकोले विस्तृत परियोजना प्रतिवेदन परिमार्जन गर्न आवश्यकता परेको हुँदा सम्बन्धित परामर्शदातालाई अनुरोध गरी साविककै लागतमा विस्तृत परियोजना प्रतिवेदन परिमार्जन गर्न अनुरोध गरे अनुसार पेश हुन आएको परिमार्जित विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी वडा नं. ६ को उक्त स्थानमा रहेको कित्ता नं.१४ को क्षेत्रफल नं.४१-९-२ र कि.नं.१६५ को क्षेत्रफल नं.६-३-१-३ रहेको जग्गामा हर्मेटिक स्टोरेज निर्माणको कार्य शुरुवात गर्ने र विस्तृत परियोजना प्रतिवेदन अनुसारको लागतमा बाँकी कार्य आगामी आर्थिक वर्ष २०८३/०८४ मा गर्नको लागि प्रदेश सरकारको सम्बन्धित मन्त्रायलसँग बजेट विनियोजनको लागि विस्तृत परियोजना प्रतिवेदन समेत संलग्न राखी अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) विदुर नगरपालिका वडा नं.१ मा रहेको त्रिशुली बजार खेल मैदान स्तरोन्नतिको लागि विनियोजित बजेट अनुसार क्र.स.४१० मा रु. ५ लाख, क्र.स. ७४० मा रु.५ लाख र क्र.स.७४१ मा रु. १२ लाख गरी जम्मा रु.२२ लाखको उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा लागत साझेदारी हुँदा बढि परिमाणको काम हुन सक्ने भएकोले विगतको कार्यपालिका बैठकले रु.५ लाख भन्दा बढी रकमको काम ठेक्का प्रक्रियाबाट गर्ने भने पनि यो आयोजना उपभोक्ता समितिबाट कार्यान्वयनमा लैजाने सर्वसम्मत निर्णय गरियो।

ग) गत वर्ष यसै नगरपालिका वडा नं. १ र ५ को सडकमा परेका निजी जग्गाहरुको लगत कट्टा गर्न सम्बन्धित वडा अध्यक्षज्यूहरुलाई लगत कट्टा समितिको सदस्य तोकिएकोमा सो कार्यलाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिने र चालु आर्थिक वर्षमा सो कार्यका लागि विनियोजित बजेटको सीमाभित्र रही नापी कार्यालय र मालपोत कार्यालय नुवालकोटसँग नगरपालिकाले सम्झौता गरी लगत कट्टाको कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।